262

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३१३/२०७१/०७२

पर्सा जिल्ला विरगंज उपमहानगरपालिका वडा नं. १५ बस्ने हसिम अन्सारी ....................१ उजुरीकर्ता

**विरूद्ध**

प्रमुख, शिक्षक सेवा आयोग ..........................................................................१ विपक्षी
सूचना अधिकारी, शिक्षक सेवा आयोग ..................................................................१

विषय :- सूचना उपलब्ध गराइएकोले लगत कट्टा गर्ने ।

पर्सा जिल्ला विरगंज उपमहानगरपालिका वडा नं. १५ बस्ने हसिम अन्सारीले शिक्षक सेवा आयोग समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१०।२७ मा उजुरी गरेको र यस आयोगबाट मिति २०७१।११।१० च.नं. ५९९ को पत्रबाट खुलाई पठाइ दिने र २०७२।०१।०६, मा च.नं. ८३४ को पत्रबाट ताकेता गरिएकोमा शिक्षक सेवा आयोगको मिति २०७१।१०।०५, च.नं. ४२६७ को पत्रबाट निज उजुरीकर्ता हसिम अन्सारीलाई माग गरेको सूचना उपलब्ध गराई सो को प्रतिलिपि मिति २०७२।०२।१७, च.नं. १५४७ को पत्र साथ यस अयोगमा पठाइएको देखिदा यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत निवेदनको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।